# रुकुम (पश्चिम) चौरजहारी नगरपालिका ८ सोतीमा भएको 'घटना' बारे

## स्थलगत अध्ययन प्रतिवेदन २०७७

**संयुक्त दलित अधिकार मञ्च**

रुकुम पश्चिम

नेपाल सरकार

गृह मन्त्रालय

सिंहदरबार काठमाण्डौ नेपाल

मार्फत जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)

मिति : २०७७ जेठ १८

**विषय : स्थलगत अध्ययन प्रतिवेदन पेश सम्वन्धमा**

प्रस्तुत विषयमा गत जेठ १० गते चौरजहारी नगरपालिका वडा नं. ८ सोतीगाउँमा भएको सामुहिक हत्याकाण्डको रुकुम जिल्लाका सबै राजनीतिक दलमा आबद्ध दलित अधिकारकर्मी साझा मञ्च संयुक्त दलित अधिकार मञ्च रुकुम( पश्चिम)को तर्फबाट घटना स्थलको स्थलगत अध्ययन गरी पीडितलाई न्याय हुने र अपराधिहरुलाई हदैसम्मको. कानूनी कारबाहीको लागि जोडदार माग सहित वहुआयामिक कोणबाट विश्लेषण गरेर तयार पारेको यो स्थलगत अध्ययन प्रतिवेदन जिल्ला प्रशासन रुकुम (पश्चिम) मार्फत नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार काठमाण्डौंमा पेश गरिएको व्यहोरा अनुरोध छ ।

उपेन्द्रलाल कामी

संयोजक

संयुक्त दलित अधिकार मञ्च रुकुम (पश्चिम)

**क) स्थलगत अध्ययन प्रतिवेदनको पृष्ठभूमि**

विभिन्न समयमा भएका राजनीतिक तथा सामाजिक आन्दोलन, विशेषगरी २०५२ साल फाल्गुन १ गतेबाट तत्तकालिन नेकपा (माओवादी)को नेतृत्वमा सञ्चालित दशवर्षे शसस्त्र युद्धले सामाजिक रुपान्तरणमा पारको सकारात्मक प्रभाव र २०६६ कार्तिक ९ मा गठित संयुक्त दलित जनअधिकार फोरम रुकुमले उठाएको साझा सवाललाई सम्वोधन गर्न जिल्ला स्थित राज्यका निकायहरु, राजनीतिक दलहरु, सरोकारवाला सबै पक्षको संयुक्त पहलमा अगाडि वढेको जातीय छुवाछूत मुक्त तथा सामाजिक सद्भावयुक्त नमूना जिल्ला  निर्माण गर्न २०६७ देखि २०७७ सम्मको १० वर्षको अभियान उत्कर्ष एंवम् सार्थक निर्ष्कषमा पुग्ने प्रयास भईरहेको परिप्रेक्ष्यमा २०७७ जेठ १० गते  रुकुम (पश्चिम) चौरजहारी नगरपालिका ८ सोती गाँउमा भएको अन्तरजातीय प्रेम सम्वन्धमा उत्पन्न तनावदेखि मनमुटाव हुँदै सामुहिक हत्याकाण्ड हुने अवस्थासम्म पुगेको घटनाको स्थलगत अध्ययन गर्न जिल्ला स्थित सबै राजनितिक पार्टीका दलित संगठनमा आवद्ध दलित अधिकारकर्मीहरुको साझा मञ्च संयुक्त दलित अधिकार मञ्च रुकुम पश्चिमको तर्फबाट २०७७ जेठ १२ गते संयोजक उपेन्द्रलाल कामीले प्रेस बिज्ञप्ती जारी गरेको र २०७७ जेष्ठ १३ गते दीपेन्द्र बि.क.को नेतृत्वमा आकस्मिक बैठक बसेर जिल्ला प्रशासन कार्यालयमा ३ बुँदे ध्यानाकर्षण पत्र बुझाइ घटनाको स्थलगत अध्ययनमा जाने गरेको निर्णय अनुसार १० जनाको स्थलगत अध्ययन टोली बनाई २०७७ जेठ १५गते मुसिकोट खंलगाबाट चौरजहारी ८ सोती र जाजरकोटसम्म पुगेर मृतकका परिवार, जनप्रतिनिधी, सरोकारवाला सबै पक्षसँग भेटी अन्तरसंवादको माध्यमद्धारा लिएको जानकारीमुलक टिपोटलाई स्थलगत अध्ययनमा सहभागी सबैबाट विश्लेषणात्मक छलफल गरी यो प्रतिवेदन तयार गरिएको छ ।

**ख) स्थलगत अध्ययन प्रतिवेदनको उद्देश्य :**

१) घटनाको कारण जातीय विभेदसँग जोडिएको हो या होईन भन्ने कुरा एकीन गर्ने ।

२) मृतकका परिवारलाई  समवेदना, सहानुभुति, सान्तवना र न्याय दिने खालको दस्तावेजीकरण गर्ने ।

३) सबै पक्षका विचार, धारणा र जानकारीलाई जस्ताको तस्तै बुँदागत रुपमा उतार्ने ।

४) अपराधलाई राजनीतिकरण र राजनीति पार्टी वा व्यक्तिको आडमा गरिने अपराधको ढाकछोप एवम् न्यूनीकरण गर्ने प्रवृत्तिलाई प्रर्दाफास गर्ने ।

५) घटनाको अध्ययन र अनुसन्धानमा सहयोग पुग्ने गरी टिपोट गरेका कुराहरुलाई जस्ताको तस्तै प्रतिवेदनमा उल्लेख गर्ने ।

**ग) प्रतिवेदन निर्माणको विधी प्रक्रिया :**

१) स्थलगत अध्ययनमा सहभागी सबैबाट लिखित टिपोट तथा मौखिक रिर्पोट संकलन ।

२) घटनाको कारण, घटनाको प्रकृति, प्रभाव र असर बारे बहुआयामिक कोणबाट सबैले गरेको विश्लेषण ।

३) जनप्रतिनिधी, पार्टी संगठनका प्रतिनिधी र सरोकारवाला तथा पीडित पक्ष र दुबैतिरका व्यक्तिहरुसँग गरिएको प्रत्यक्ष संवाद, अन्तरवार्ता टेलिफोन कुराकानी  र छलफल ।

४) विभिन्न मिडियाहरुमा आएका खबर, विचार, विवेचना बारे सामुहिक अध्ययन ।

५) प्रहरी कार्यालयसँग समन्वय गरेर प्राप्त गरेका आवश्यक जानकारीमुलक टिपोट ।

## घ) स्थलगत अध्ययनमा गएका व्यक्ति, मिति, समय र स्थान

१) स्थलगत अध्ययन यात्रामा सहभागी व्यक्तिहरु

- उपेन्द्रलाल कामी (संयोजक) संयुक्त दलित अधिकार मञ्च तथा समाजवादी दलित मुक्ति महासंघ केन्द्रिय उपाध्यक्ष
- दिपेन्द्र वि.क. ‘मुस्कान’ दलित अधिकारकर्मी तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता
- यज्ञबहादुर परियार दलित अधिकारकर्मी तथा नेपाल दलित संघ केन्द्रिय सदस्य
- गणेश वि.क. चिन्तन दलित अधिकारकर्मी तथा नेपाल पत्रकार महासंघका अध्यक्ष रुकुम ( पश्चिम)
- खडक बस्त्राकार दलित अधिकारकर्मी तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का जिल्ला समिति सदस्य
- लालबहादुर सिर्पाली दलित अधिकारकर्मी तथा नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चाका निवर्तमान अध्यक्ष एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का जिल्ला समिति सदस्य
- प्रवीर ददेल दलित अधिकारकर्मी तथा नेपाल दलित संघ रुकुमका सभापति
- लोकबहादुर ददेल दलित अधिकारकर्मी तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का जिल्ला समिति सदस्य
- खीमा विक दलित अधिकारकर्मी तथा दलित महिला अधिकार मञ्च रुकुम पश्चिमका अध्यक्ष
- अमित परियार दलित अधिकारकर्मी तथा लोकदोहरी प्रतिष्ठानका अध्यक्ष

यसका साथै नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशका सह-सचिव गणेश सिर्पाली, दलित अधिकारकर्मी लक्ष्मण विक, दलित अधिकारकर्मी  टेकबहादुर विक, दलित अधिकारकर्मी कलाकार तिलक परियार, डिल्ली परियार, दलित अधिकारकमी खगेन्द्र बि.क., टिकाराम रसाइली, धर्म ब बि.क.  लगायतका साथीहरु स्थलगत अध्ययन टोलीलाई सहयोग गर्ने भुमिकामा सहभागि हुनुभएको थियो ।

२) दलित अधिकारकर्मी लोक बहादुर ददेलबाट ग १ ज ४०२४ नं को गाडिको ब्यवस्थापन भएपछि २०७७ जेठ १५ गते विहान ६:३० बजे मुसीकोट खंलगादेखि चौरजहारी-जाजरकोट सम्मको यात्रा सुरु भएको थियो ।

३) अध्ययन टोली पुगेको स्थान  र समय :

- ❖ जाजकारकोट जिल्ला भेरी नगरपालिका वडा नं. १ कालेगाउँ भेरी बगर विहान १०:३० ।
- ❖ ईलाका प्रहरी कार्यालय चौरजहारी दिउसो १:४५ बजे ।
- ❖ चौरजहारी नगरपालिका वडा नं. ८ सोती गाउँ दिउसो ४: १२
- ❖ घटना स्थल गोईरी ज्यूला लामाजुर बगर साझ ५:३५

**ङ. अन्तरजातीय प्रेम सम्वन्धमा रहेका जोडि तथा संलग्नहरुको विवरण**

१. अन्तरजातीय प्रेम सम्वन्धमा रहेका जोडिका पारिवारिक विवरण

| **केटा पक्षको विवरण** | **केटी पक्षको विवरण** |
|---|---|
| नाम : नबराज विक | नाम : समिक्षा मल्ल (नाम परिवर्तित) |
| उमेर : २१ वर्ष | उमेर : १७ वर्ष |
| ठेगाना : भेरी न.पा. ४ रानागाउँ जाजरकोट | ठेगाना :चौरजहारी नगरपालिका ८ सोती रुकुम पश्चिम |
| बुवाको नाम : मोहनलाल बिक | बुवाको नाम : बीरबहादुर मल्ल |
| आमाको नाम : उर्मिला बिक | आमाको नाम : प्रकाशी मल्ल |

२. घटनामा मृत्यू भएकाको विवरण

| क्र.स. | नाम थर | ठेगाना | लास प्राप्त भएको मिति |
|---|---|---|---|
| १. | नवराज विक | भे.न.पा ४ जाजरकोट | २०७७ जेठ १० गते |
| २. | टीकाराम विक | चौ.न.पा १ रुकुम पश्चिम | २०७७ जेठ ११ गते |
| ३. | गणेश बुढा | भे.न.पा ४ जाजरकोट | २०७७ जेठ १२ गते |
| ४. | सन्जु विक | भे.न.पा ४ जाजरकोट | २०७७ जेठ १५ गते |
| ५. | लोकेन्द्र सुनार | भे.न.पा ११ जाजरकोट | २०७७ जेठ १४ गते |
| ६. | गोविन्द शाही | भे.न.पा ११ जाजरकोट | अझै वेपत्ता |

३. जाजरकोटबाट सोती गाउँ गएका नबराज बि.क.सहितका साथीहरुको विवरण :

| क.स. | नाम थर | ठेगाना |
|---|---|---|
| १. | नवराज विक | भे.न.पा ४ जाजरकोट |
| २. | टीकाराम विक | चौ.न.पा १ रुकुम पश्चिम |
| ३. | गणेश बुढा | भे.न.पा ४ जाजरकोट |
| ४. | सन्जु विक | भे.न.पा ४ जाजरकोट |
| ५. | लोकेन्द्र सुनार | भे.न.पा ११ जाजरकोट |
| ६. | गोविन्द शाही | भे.न.पा ११ जाजरकोट |
| ७. | महेश कार्की | भे.न.पा ३ जाजरकोट |
| ८. | विभाग पुन | भे.न.पा ३ जाजरकोट |
| ९. | भोला विक | भे.न.पा १३ जाजरकोट |
| १०. | सुदिप खड्का | भे.न.पा ४ जाजरकोट |
| ११. | गोविन्द सुनार | भे.न.पा ११ जाजरकोट |
| १२. | मदन शाही | भे.न.पा ४ जाजरकोट |
| १३. | इन्द्रजंग शाह | भे.न.पा ४ जाजरकोट |
| १४. | जीवन विक | भे.न.पा ४ जाजरकोट |
| १५. | डिल्ली विक | भे.न.पा ४ जाजरकोट |
| १६. | सुनिल सुनार | राप्ती सोनारी ४ बाँके |
| १७. | सरोज भडेल | भे.न.पा जाजरकोट |
| १८. | लालबहादुर खड्का | भे.न.पा जाजरकोट |
| | | |

४. घटनामा संलग्न रहेको उजुरीको आधारमा पक्राउ परेकाहरुको विवरण

| क.स. | नाम थर | ठेगाना |
|---|---|---|
| १. | डम्बर बहादुर मल्ल | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| २ | बीरबहादुर मल्ल | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| ३. | प्रकाशी मल्ल | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| ४. | समिक्षा मल्ल | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| ५. | तुलबहादुर मल्ल | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| ६. | प्रेमबहादुर मल्ल | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| ७. | सन्तोष मल्ल | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| ८. | मोहन पुन मगर | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| ९. | प्रेमबहादु ठकुरी | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| १०. | रमेश मल्ल | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| ११. | मानव मल्ल | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| १२. | टोपबहादुर मल्ल | चौ.न.पा ८ सोतीगाउँ रुकुम पश्चिम |
| | अन्य ६ जना नाम खुल्न बाँकी | |

**घ) अध्ययन टोलीले प्रत्यक्ष तथा टेलिफोन मार्फत सम्पर्क गरी गरेको अन्तरसंवाद र छलफलबाट आएका भनाईहरुको संक्षिप्त टिपोट ।**

**१. मृतकका परिवार (नबराजका बुवा)सँग प्रविर ददेलले गरेको कुराकानीको सार संक्षेप**

- ❖ दुई तीन वर्षदेखि मोवाईल, फेसबुकबाट परिचय भई प्रेम सम्वन्ध भएको ।
- ❖ गत वर्ष जाजरकोटमा लाग्ने रमाईलो मेलामा आएको बेला केटी मेरो घरमा आएर ४ दिन सम्म बसेको ।
- ❖ छोरीको साथी होलिन भनेको त छोराको साथी पो रहेछिन् ।
- ❖ दुई दिनसम्म त उनले केही भनिन, तीन दिनपछि उनीले आफै नबराजको साथी हुँ भनेकी थिईन् ।
- ❖ उनीहरुको बीचमा प्रेम विबाहको कुरा चल्दा मैले तिम्रो उमेर पुग्दैन र जात पनि मिल्दैन भोली समस्या आउँछ भन्दा केटीले हामी माओवादीका परिवार हौं, जातभात केही मान्दैनौं, भनेर हामीलाई नै सम्झाउन खोजेकी थिईन् ।
- ❖ उनी दोस्रो पटक यहि बैशाख २९ गते मेरो सालीको छोराको जन्मदिनमा भाईसँग आएको बेला पनि मेरो घरमा बसेकी थिइन् । त्यसबेला उनीहको प्रेम सम्वन्ध बढ्दै गएको देखेर केटीका ठुलाबुवा सूर्यबहादुर मल्ल (मेरो घर नजिकका छिमेकी हुनुहन्छ ) लाई यसबारेमा जानकारी गराएर केटीका आमा बुवालाई खबर गरी सम्झाएर यिनी दुईजनालाई अलग गरिदिन सहयोग गर्नुपर्‍यो भन्दा उहाँले उल्टै मलाई के तपाई मल्ल ठकुरीको सम्धी बन्ने इच्छा छ ? भन्दै होच्याएर हप्काउनु भयो ।
- ❖ बैशाख १७ गते केटीले फोन गरेर बोलाएपछि छोरा नबराजले ३ जना साथी लिएर केटीको गाउँतिर गएको बेला पनि वडाध्यक्षले केटाहरु बोलाएर मारपिट गरी चौरजहारी प्रहरीमा पठाईदिनु भएको रहेछ । म हिड्न नसक्ने भएकोले मेरो श्रीमतीले प्रहरी चौकीमा गएर नवराजलाई छुटाएर ल्याएकी थिईन् ।
- ❖ केटीले अन्तै विहे गरिदिदै छन् भन्दै नवराजलाई फोन गरेपछि एकहप्ता अगाडि नै नबराजले मेरो बिहे १० गते हुन्छ भन्दै आफ्ना साथीहरुलाई खबर गरेको कुरा उसका साथीहरुले सुनाएका थिए ।
- ❖ जेठ १० गते नवराज र उसका साथी फोनबाट कुरा गर्दै जाजरकोट हिड्दै गर्दा जाजरकोटका केटीका आफन्तले केटीका आमा बुवालाई खबर पुर्‍याईदिएको हुँदा नबराजहरु गाउँमा नपुग्दै गाउँका धेरै मान्छेहरु जम्मा भएका रहेछन् ।
- ❖ केटीको घर नपुग्दै घरदेखि तल सडकमा नबराजलाई देखेपछि केटीको आमाले त डुमलाई कारबाही गरेको अझै पुगेको रहेनछ, तँ कसकी जोई (श्रीमती)

लैजान आएको होस् भन्दै जुवाली उठाएर हान्न खोजेपछि सबैजना केही नबोलेर फर्किदै गर्दा केटीको आमाले वडाध्यक्षलाई फोन गर-फोन गर भनेको कुरा उसका साथीहरुले भनेका छन् ।

- ❖ उनीहरु तलतिर फर्कदैं गर्दा केटीका आफन्त गाउँलेहले तीनतिरबाट घेरा हालेर ढुंगामुडा गदै कुट्दै लखेटेर भेरीसम्म पुग्राएका थिए रे  उनका साथीहरुले मलाइ भनेका छन् ।

**१) चन्द्रप्रकाश घर्ति प्रमुख भेरी नगपालिका जाजकारकोट**

- ➢ प्रस्थान विन्दु जातीय वेमेल र जातीय विभेद नै हो ।
- ➢ त्यो पनि अन्तरजातीय प्रेम सम्वन्धबाट सुरु भएको छ ।
- ➢ केटीका आफन्तले अपशब्द बोल्दै अपहेलित गरेता पनि उनीहरुको प्रेम सम्वन्ध झन झाँगीदै गएको पाईन्छ ।
- ➢ लकडाउनको उलंघन यदि गरेको भए, संक्रामक रोग ऐन २०२० अर्न्तगत बमोजिम मुद्दा चलाउन सकिन्छ । यसको मतलब जघन्य हत्या गर्ने होईन् ।
- ➢ ३००/४०० भन्दा वढी मान्छे जुटेर आक्रमण गरेको कुरा कालेगाउँका भलीबल खेलाडि भाईहरुले यहि बगरमा मोटरसाईकल सिक्ने फिल्डबाट देखेका रहेछन् ।
- ➢  यसमा सुनियोजित, प्रि प्लान र वेल प्लान गरिएको छ ।
- ➢ लाशको प्रकृति हेर्दा सबैको टाउकोमा चोट छ । एकजनाको हात बाँधेर फालिएको अवस्थामा भेटिएको  छ ।
- ➢ एकाइसौं सताब्दीको युगमा नेपालको सर्न्दभमा शान्ति प्रक्रियापछिको यो ‘जेनोसाईड’ नै हो ।
- ➢ केटी पक्षका परिवारले सहन नसकेकोले नै यो घटना हुन पुगेको हो ।
- ➢ नवराज प्रेममा अन्धो भएकोले नै उनका साथीहरुले पनि लकडाउनको ख्याल नगरेको सत्य हो । तर लकडाउनको बेला तीन चार सय जना मानिस त्यस गाऊँमा कसरी जम्मा भए ?
- ➢ नियन्त्रण गर्ने ठाउँ प्रयाप्त हुँदा हुँदै पनि वडाध्यक्षले त्यस्तो कार्य गर्नुहुँदैन है भनेको भए सामान्य घाईते त कोही हुन्थेहोला तर सामुहिक हत्या हुने अवस्था आउने थिएन । उहाँको कार्यशैली कदापी सहैय र क्षम्य छैन ।
- ➢ यो सतप्रतिसत हत्या नै हो । वडाध्यक्षलाई एक नम्बरमै किटानी जाहेरी गरिएको छ ।
- ➢ राजनीतिक परिवर्तन भएपनि साँस्कृतिक रुपान्तरण भएको छैन , पुरानो घाऊको (टाटा) खाँटा जस्तै ताजै रहेको छ ।

- नगरपालिकाबाट जनपरिचालन गरेर गोताखोर र युवाहरुबाट संयुक्त खोजिकार्य, दाहसंस्कार लगायतका काममा अहोरात्र खटिएको छ ।
- नेपाल प्रहरीले मुद्दा दर्ता र अनुसन्धान गर्ने काममा पूर्ण रुपमा सहयोग गरेको छ । कुनै लापरबाही भएको छैन् ।
- माननिय शक्ति वस्नेत त झन अत्यन्तै गम्भीर रुपमा लाग्नु भएको छ ।
- मृतकलाई शहिद घोषणा गर्ने, परिवारलाई क्षतिपूर्ति दिने, घटनाको निष्पक्ष छानविन तथा अनुसन्धान गरी दोषिलाई हदै सम्मको कानूनी कारवाही गर्ने विषयमा प्रमुख जिल्ला अधिकारी मार्फत गृह मन्त्रालयमा पठाइएको छ । संसदबाट पारित गर्न हामी पहल गर्दछौं, यसको लागि सडकमा आएर टायर नै बाल्नुपर्दछ भन्ने केही छैन् ।
- सोतीगाऊँसँग वारी गाँऊको बिगतमा कुनै कटुतापूर्ण सामुहिक झैझगडा भएको छैन् ।

**३. ईलाका प्रहरी कार्यालय चौरजहारीका प्रहरी नायव निरक्षकको भनाई**

- घटना असाध्यै दर्दनाक छ ।
- यो घटना २०७७ जेठ १० गते साँझ करिब ५ बजे भयो होला । हामीलाई सवा ५ बजे वडाध्यक्षले फोनबाट जानकारी गराएपछि घटनास्थलमा हाम्रो प्रहरी टोली १५/२० मिनेटपछि पुगेको थियो ।
- घटनास्थलमा पुगेपछि १२ जनालाई नियन्त्रणमा लिएर २ जना घाईतेलाई चौरजहारी अस्पतालमा भर्ना गरेका थियौं ।
- घटनाको मुचुल्का जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमबाट आएको प्रहरी टोलीले बनाएर उतै लिएको छ ।
- २०७७ बैशाख १७ गते पनि उनका दुई जना साथी लकडाउन उलंघन गरी गाउँमा आएको रिर्पोट वडाध्यक्षले दिएपछि पक्राउ गरेर उनीहरुलाई यसै चौकीमा ल्याएर एक रात राखियो र भोलिपल्ट वडाध्यलाई खबर गर्दा छलफलमा कोही नआएपछि नबराजको आमालाई बोलाई जिम्मा लगाई दियौं ।
- नबराजलाई उनको आमाको जिम्मा लगाई सकेपछि नबराजलाई उनकी आमाले केटीसँगको प्रेमसम्वन्ध बारे सम्झाएर लैजाने बेलामा मात्रै उनीहरु बीचमा प्रेम सम्वन्ध भएको कुरा थाहा भएको थियो ।

**४. सोतीगाउँका वडा अध्यक्षकी श्रीमती पुतला पुन (मल्ल) र समिक्षा मल्लकी भाउजु  कल्पना मल्ल लगायतको भनाइ ।**

- यो घटनाले हामीलाई पनि दुःखी बनाएको छ ।
- नबराज र उनका साथीहरु यो भन्दा पहिले दुई पटक हाम्रो गाउँमा आएका थिए ।
- लकडाउनको बेला किन आएको भन्दा साथीहरुसँग भेट्ने, काफल खान आएको भन्दै बहाना बनाउने गर्दथे ।
- बैशाख  १७ गते साँझतिर सुष्माका घरमा उनीहरु आएका रहेछन् । सुष्माका बुवासँग बाटोमै भेट हुँदा भनाभन गरेर बुवालाई हातपात गरेको र त्यसबेला वडाध्यक्ष आफैले फोन गरी प्रहरीलाई बुझाएको ।
- यता सुष्मालाई हामीहरुले प्रेम छ भने सुटुक्कै गईहाल नत्र गाउँमा मान्छे आउने नबनाउ भनेपछि सुष्माले पहिले  प्रेम सम्वन्ध भएपनि अहिले टुटेको बताएकी थिईन् ।
- यो घटनालाई जातीय भेदभावसँग जोड्दा दुःख लागेको छ  हाम्रो गाउँमा जातीय भेदभाव छैन । यसै गाउँबाट यमुना मल्ल र  सल्यानका विष्णु चनारा बीच बिहे भई दुई सन्तान समेत भई सकेका छन् । माईती-इष्ट बीचको सम्वन्ध पनि राम्रै छ ।
- जेठ १० गते नवराज र उनका साथीहरु लस्कर लागेर  गाउँमा आएका थिए । केटीको आमाले उनीहरुलाई अझैपनि तिमिहरु चेतेका छैनौं  भनेर गाली गरेपछि उनीहरु यहाँबाट फर्केर गए ।
- विनोद मल्लको अन्टीसँग भेटेर विनोद मल्लको फोन नम्बर मागेको कुरा उनको अन्टीले बताईन् । साथी भएपछि तिमीहरुसँगै नम्बर होलानी भनेपछि उनीहरु सरासर विनोद मल्लको घरतिर गएका थिए  ।
- विनोद मल्लको घर घेरा हालेको खबर पाएपछि अध्यक्षलाई खबर गरी गाउँलेहरु त्यहाँ गएका थिए ।
- त्यहाँ जादा उनीहरु भागिसकेका थिए । उनीहरुलाई छोपेर प्रहरीलाई बुझाउने भनेर होला केटाहरु उनीहरुको पछि-पछि गएका थिए ।
- चौरजहारीबाट प्रहरी आएको र  कालेगाउँको पुलछेऊमा भैसीं काट्ने मान्छेहरुलाई देखेर अत्तालिएर उनीहरु भेरीतिर लागे । पौडिएर पारितिर गएका केटाहरुलाई फुटबल खेल्न गएका केटाहरुले छोपेर प्रहरीलाई बुझाएका थिए ।
- मान्छे कसरी मरे हामीलाई केही थाहा छैन । उहि दिन भेरीनदी पनि ठुलो थियो । त्यसमै बगेर मरे होलान ।

- ❖ पारि जाजरकोट र उता चौरजहारीमा नाराजुलुस र आन्दोलन भईरहेको छ भन्ने सुनिन्छ, हामी महिला मात्रै यस गाउँमा छौं, हामीलाई असुरक्षाको महसुस भएको छ, हाम्रा कुरा कस्ले सुन्दिने ?

## ५. प्रत्यक्षदर्शि (नाम नखुलाउने शर्तमा)

- ❖ चारैतिर होहल्ला भएपछि हामीले हेर्दा कुटपिट भईरहेको थियो । कुटपिट नगर भन्दै चिच्यायौं तर कसैले पनि सुनेनन् ।
- ❖ केही जनालाई पौडि खेली नदीपारि गएको देखेका थियौं ।
- ❖ तीन जना भेरीको छालछालै बगिरहेका थिए । सायद उनीहरु बाँच्दैनन भन्ने हामीलाई लागेको थियो ।

## ६. माननिय सांसद गोपाल शर्मासँग उपेन्द्रलाल कामीले गरेको टेलिफोन संवादको सार संक्षेप

- ❖ घटनालाई जातीय विभेदसँग जोडेर रुकुम जिल्लालाई नै बदनाम गर्नेगरी अतिरञ्जित ढंगले प्रचार गरिएको छ, जुन दुःखद कुरा हो ।
- ❖ जातीय छुवाछूत मुक्त भईसकेता पनि जातीय विभेद अन्तरकुन्तर अवशेषको रुपमा रहेका कुरालाई पनि नजरअन्दाज गर्न सकिदैन ।
- ❖ १७ वर्ष उमेरकी केटीलाई सजातीय भएपनि विबाह गर्न कानूनतः बर्जित छ । दुबैको प्रेम सम्वन्ध गाढा भएको भए पारिवरिक अवरोध भएपनि एक्लै भागेर बिबाह गर्न सक्थे ।
- ❖ अल्लारे उमेरका केटाहरुको ग्याङ बनाएर लकडाउनको बेला पटक-पटक गाउमाँ आउँदा उत्तेजित हुने वातावरण भयो ।
- ❖ त्यसदिन वडाध्यक्ष क्वारेन्टाईन व्यवस्थापनको लागि गाउँदेखि बाहिर गएको हुँदा चौरजहारी प्रहरीलाई मात्र खबर गर्न सकेको र गाउँका उत्तेजित युवाहरुलाई सम्झाएर नियन्त्रण गर्ने स्थिती भएको भए यस्तो घटना हुने थिएन् होला ।
- ❖ माननीय जर्नादन शर्माका भाई अनिल शर्माका साला सन्तोष मल्ल (जो पक्राउमा परेका छन ।) सम्मको नातासम्वन्धलाई जोडेर शक्तिको दुरुपयोग गरी उम्काउन खोजेको मिडियाबाजी गरिएको छ । मनोगत प्रचार भन्दापनि घटनाको सत्यतथ्य छानविन र अनुसन्धानमा सहयोग गरी अपराधिलाई कानूनी कारवाही गराउन पार्टी र व्यक्तिगत रुपमा हामी प्रतिवद्ध छौं ।
- ❖ सुष्मा मल्लको पेटमा नवराजको बच्चा छ भन्ने जुन अर्नगल प्रचारबाजी भएको छ यसले उनको अस्मितामाथि खेलबाड गर्ने र महिलाको गोपनियता एवम चरित्र हत्या गर्ने सम्मको काम भएको छ, जुन दुःखद छ ।

- ❖ नबराज विक लगायत ५ जनाको मृत्यु र एक जना वेपत्ता भएको घटनाले दलित समुदायलाई मात्र नभई सिंगो देशलाई नै स्तब्ध बनाएको छ । यस घटनालाई केवल दलित समुदायमाथि भएको जातीय विभेदसँग मात्र जोड्ने काम नगरी मानविय अपराधको रुपमा हेरिनुपर्दछ भन्ने दलित अधिकारकर्मीहरुलाई मेरो आग्रह हो ।

**७. प्रेमप्रकाश ओली नेपाली कांग्रेस जिल्ला सभापतिसँग उपेन्द्रलाल कामीले गरेको टेलिफोन संवादको सार संक्षेप**

- ❖ अन्तरजातीय प्रेम सम्वन्धलाई घर परिवारले सहज रुपमा स्वीकार गर्न नसक्दाको परिणाम नै यो सामुहिक हत्याकाण्ड हो भन्ने लाग्छ ।
- ❖ यो घटनाको निष्पक्ष छानविन र गहिरो अनुसन्धान गरी दोषिमाथि हदैसम्मको कानूनी कारबाही गर्नुपर्दछ ।
- ❖ चौरजहारी नगरपालिकाका प्रमुखको श्रीमती र ८ नम्बर वडाध्यक्षको आमा एउटै घरको दिदी-बहिनीको नाता सबन्ध पर्ने भएकोले बाहिर मिडियामा यो विषयले अलि वढी चर्चा पाएको होला । कहिं-कतै पनि नाता सम्वन्धका कारण कोही अपराधिहरुले उन्मुक्ति पाउँनु हुँदैन भन्ने हो ।

**८.प्रशाराम खत्री समाजवादी पार्टी रुकुम पश्चिमका अध्यक्षसँग उपेन्द्रलाल कामीले गरेको टेलिफोन संवादको सार संक्षेप**

- ❖ यो घटना नितान्तै अन्तरजातीय प्रेम सम्वन्धलाई परिवारले सहज रुपमा स्वीकार गर्न नसकेको कारण उत्पन्न अपराधिक मानसिकताको जातीय विभेद नै हो । साथै वर्गिय दृष्टिले हेर्दापनि उनीहरुको असमानता देखिएको हुँदा परिवारले सहज रुपमा स्वीकार गर्न नसकेको पाईन्छ ।
- ❖ वडाध्यक्षले समयमै सकारात्मक भएर पहलकदमी लिन सकेको भए यस्तो दर्दनाक घटना घट्न सक्ने थिएन । यसमा वडाध्यक्षको भुमिका र नियतमा खोट देखिन्छ ।
- ❖ माओवादी जनयुद्धकालमा सामाजिक, सांस्कृतिक रुपान्तरणको अभियानले जातीय छुवाछूत भेदभावलाई न्युनीकरण गर्ने भुमिका खेलेको भएपनि जनयुद्धको विर्सजनसँगै प्रतिकान्ति हुँदै आएको ज्वलन्त प्रमाण यो सोती सामुहिक हत्याकाण्ड हो ।
- ❖ यस घटनालाई लिएर राजनीतिक करण गर्ने र शक्तिको दुरुपयोग गरी विषयान्तरण गर्ने काम सबैभन्दा वढी अलि शासनसत्तामा हालिमुहाली गरिहेको पार्टीको केही नेताबाट भएको छ । प्रतिपक्ष पार्टीले पीडितले न्याय पाउनु पर्दछ र निश्पक्ष छानविन गरी अपराधिलाई हदैसम्मको कानूनी कारवाही गर्नुपर्दछ भन्ने बोलेको कुरालाई राजनीतिक करण गरेको भन्न मिल्दैन् ।

## ङ) अध्ययन टोलीको सामुहिक निर्ष्कष :

- ❖ नवराज विक र समिक्षा मल्लबीचको प्रेम सम्वन्धबाट सुरु भएको उमेर हदको कारणले परिवारबाट भएको अवरोध, दुबैतिर वढ्दै गएको तनाव, तनावसँगै भएको मनमुटाव बढ्दै जाँदा सामुहिक हत्या हुने घटनाको पृष्ठभुमी र श्रृखलाबद्ध गतिविधीहरुलाई अध्ययन गर्दा केटीका घर परिवारले अन्तरजातीय प्रेमसम्वन्धलाई स्वीकार गर्न नसक्नु सुषुप्त अवस्थामा रहेको जातीय विभेदको पराकाष्टा नै हो ।
- ❖ नवराज विक र समिक्षा मल्ल बीचको प्रेममा अवरोध हुने अवस्था आएपछि दुई पक्षको तनाव वढ्दै गएर जुनसुकै मुल्य चुकाएर भएपनि समिक्षालाई आफ्नो बनाउने नबराजमा हठ वढ्दै गएको र दुई/दुई पटकसम्म केटीको परिवारबाट अस्वीकृत हुँदा हुँदैपनि साथीहरुको टोली लिएर आफ्नो गाउँमा आउँदै गरेको सूचना पाएपछि मल्ल ठकुरी बाहुल्य समाजको आत्मसम्मानमा ठेस पुग्ने प्रतिष्ठाको विषय बनाएर सिंगो गाउँनै एक भएर योजनावद्ध आक्रमण गर्ने मानसिक तयारीका साथ रहेको हुँदा आक्रणकारीहरुको भिडमा अपराधिक मनोबृतिका अराजक मान्छेहरुले सामुहिक हत्या गर्नेगरी गरेको निकृष्ट, जघन्य अपराधिक हत्याकाण्ड हो ।
- ❖ प्रेममा अन्धो भएका नवराज बिकलाई समिक्षा मल्लको परिवारवाट दुई/दुई पटक अस्वीकार हुने खालको कडा प्रतिक्रिया दिदा पनि लकडाउनको प्रतिकुल एवम संवेदनशिल समयमा १९ जनाको संख्यामा साथीहरुलाई लिएर केटी भगाउन खोज्नु उनको ठुलो दुसाहस, असावधानी र अज्ञानता पनि उक्त घटनाको सहायक कारण देखिन्छ ।
- ❖ घटनामा संलग्न भएको भनि प्रहरीमा उजुरी दिई पक्राउ परेका केटी पक्ष तिरका व्यक्तिहरु मध्ये केही पूर्वमन्त्री, जनप्रतिधिहरुका नातेदार पर्ने भएकोले मिडियामा केही नेताहरुको आडमा रहेर सुनियोजित योजना बनाई घटना घटाईएको वा घटनाको सत्यतथ्य अनुसन्धानमा प्रभावित पार्नसक्ने भन्दै गरिएका आशंका र प्रचारबाजी भएको देखिएता पनि आरोपित व्यक्तिहरु प्रायः प्रहरी हिरासतमा रहेर अनुसन्धानकै प्रक्रियामा रहनु भनेको प्रहरी र जनप्रतिनिधीहरुले अनुसन्धानलाई सहयोग पुर्‍याउन अहिलेसम्म सक्रिय कदम चालेको देखिन्छ ।
- ❖ जाजरकोटका माननिय सांसद तथा बनमन्त्री शक्ति वस्नेत र रुकुम पश्चिमका माननिय सांसद जर्नादन शर्मा पूर्व माओवादी पृष्ठभुमीका अहिले एउटै पार्टी भित्रका दुवैजना पूर्व गृहमन्त्री समेत भएका कारण दुवैको मिलिभगतमा यस

घटनालाई न्युनीकरण गरी आफ्ना नजिकका बास्तविक अपराधिलाई जोगाउने, कृतिम अपराधी खडा गर्ने तथा मुद्दालाई कमजोर बनाईदिनसक्ने खालको षड्यन्त्र हुने  आशंका र प्रचारबाजी गरिएको भएता पनि अहिलेसम्म उहाँहरुले घटना विषयमा देखाएको तत्परता र पीडितलाई न्याय दिन अपराधिलाई कानूनको कठघरामा उभ्याउने प्रतिवद्धता  जाहेर गर्ने कुरालाई सकारात्मक रुपमै लिनुपर्दछ । तर मृतकका परिवार, आफन्तजनहरुलाई भेटेर यस विषयमा विस्तृत जानकारी लिने, समवेदना र साहानुभुती दिने विषयमा उहाँहरुले ध्यान नदिएको पाईन्छ ।

- ❖ यस घटनालाई लिएर रुकुम पश्चिमका माननीय सांसद जर्नादन शर्माले संसदमा बोलेको कुरा, माननिय प्रदेश सभा सांसद गोपाल शर्माले दिएको अन्तरवार्ता, रुकुमका अन्य माननिय सांसदहरुले जारी गरिएको प्रेस विज्ञप्ती, नेपाल कम्युनिष्ट पार्टी (नेकपा), नेपाली कांग्रेस, समाजवादी पाटी रुकुम पश्चिमले जारी गरेको प्रेस विज्ञप्ती, स्थानीय तथा राष्ट्रिय स्तरका मिडियामा आएका समाचारहरुलाई अध्ययन गर्दा यस  घटनालाई जातीय विभेदसँग जोड्नु हुँदैन भन्ने मनसाय सत्तासिन पार्टीका केही नेता तथा जनप्रतिनिधीहरुमा पाईन्छ भने यस घटनाको गहिरो अध्ययन नगरी दलित समुदायको मनोविज्ञानलाई मात्र पकड्ने गरी सरकार इत्तरका केही पार्टी नेताहरुले जातीय सवाललाई अलि वढी चासो दिएर उठाएको पाईन्छ ।
- ❖ घटनामा संलग्न रहेको भनि पक्राउ परेका  वडाध्यक्ष डम्बर मल्लले घटना हुने समयमा प्रहरीलाई जानकारी गराएको भएता पनि गाउँका मान्छेहरुलाई नियन्त्रण गर्ने भुमिका नखेल्नु उनको गम्भीर त्रुटी देखिन्छ ।
- ❖ जातीय छुवाछूत मुक्त तथा सामाजिक सद्भावयुक्त नमूना जिल्ला निर्माणको अभियान उत्कर्षमा पुग्दै गरेको बेला सोती सामुहिक हत्याकाण्ड हुनुले रुकुममा जातीय छुवाछूत चर्को रुपमा रहेछ भन्ने जसरी बाहिर प्रचारबाजी गरिएको छ त्यस्तो प्रचारबाजी गरिएजस्तो नभई छुवाछूत अबशेषको रुपमा कहीँकतै रहेको भएतापनि  जातीय विभेद नयाँ स्वरुपमै जब्बर रुपमा रहेको हुँदा अब जातीय विभेद विरुद्धको महाअभियान नयाँ शिराबाट अगाडि वढाउनु पर्ने आवश्यकता देखिन्छ ।

समिक्षासँग के मायाँ जगायो<br>
सारा सपना भेरीले बगायो ।<br>
कस्तो माया गरेयौं नबराज तिमिले<br>
दलित हुनु पाप हो कि अभिशाप<br>
कठै ऐया भन्न  पाईनौ तिमिले ॥

शब्द/संगित : अमित परियार

अन्तमा

घटनाको निश्पक्ष, सत्यतथ्य छानविन तथा अनुसन्धान गरी घटनामा संलग्न अपराधिहरुलाई प्रचलित कानून बमोजिम हदै सम्मको कारवाही हुनुपर्दछ भन्ने पीडित परिवार, दलित समुदायको माग र अपेक्षा रहेका छ भने यसलाई कार्यन्वय गर्न राज्यले कुनै कसर बाँकी राख्ने छैन भन्ने हाम्रो आशा एवम विश्वास छ ।